# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : १ २०८० साउन १०

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

नगर प्रहरी व्यवस्थापन नियमावली, २०७५ ( तेस्रो संशोधन २०८०)

# नगर प्रहरी व्यवस्थापन नियमावली, २०७५

पारित मिति २०७५/०९/०४
प्रथम संशोधन नियमावली, २०७५/०९/०४
दोस्रो संशोधन नियमावली, २०७९।९।२९
तेस्रो संशोधन नियमावली, २०८०।०४।०४
राजपत्रमा प्रकाशित मिति २०८०।०४।१०

**प्रस्तावनाः** छायाँनाथ रारा नगरपालिकालाई स्वच्छ र सफा राख्ने नगर वासीको चाहना परिपूर्ति गर्दै नगरको सुरक्षा व्यवस्था समेत सुदृढ तुल्याउँदै, नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रचलन र जीउधनको सुरक्षा प्रदान गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २७६, अनुसूचि ८ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (२)१ मा भएको व्यवस्था कार्यान्वयन गर्न छायाँनाथ रारा नगरकार्यपालिकाबाट नगर प्रहरी व्यवस्थापन नियमावली २०७५ (प्रथम संशोधन २०७६ ) बनाई लागू गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो नियमावलीको नाम नगर प्रहरी व्यवस्थापन नियमावली २०७५" (प्रथम संशोधन २०७६) रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "नगर प्रहरी" भन्नाले छायाँनाथ रारा नगरपालिकाबाट यस नियमावली बमोजिम नियुक्त भएका नगर प्रहरीलाई सम्झनु पर्दछ ।

(ख) "प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "उप प्रमुख" भन्नाले छायाँनाथ रारा नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छायाँनाथ रारा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

(घ) "कार्यालय" भन्नाले छायाँनाथ रारा नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "पदपूर्ति समिति" भन्नाले छायाँनाथ रारा नगरपालिकाको पदपूर्ति समितिलाई सम्झनुपर्दछ ।

**३. नगर प्रहरी समूह गठन:-** छायाँनाथ रारा नगरपालिकाको लागि तपसिल बमोजिम रहने गरी नगर प्रहरी समूह रहने छ ।

✍(क) नगर प्रहरी नायाव निरिक्षक (पाँचौ तह)

(ख) नगर प्रहरी सहायक स्तर ✂.......... ✍(चौथो तह)

(ग) नगर प्रहरी सहायक स्तर ✂.......... ✍(तृतीय तह)

(घ) नगर प्रहरी जवान

## परिच्छेद-२
## नगर प्रहरीको पदपूर्ति

**४. पदपूर्ति सम्बन्धी व्यवस्था:-** (१) छायाँनाथ रारा नगरकार्यपालिको लागि तपसिल बमोजिमको नगर प्रहरीको आवश्यक दरबन्दी सिर्जना गरिनेछ ।

| | |
|---|---|
| ✍(क) नगर प्रहरी नायाव निरिक्षक (पाँचौ तह) | १ जना |
| (ख) नगर प्रहरी सहायक स्तर ✂.......... ✍(चौथो तह) | १ जना |
| (ग) नगर प्रहरी सहायक स्तर ✂.......... ✍(तृतीय तह) | ५ जना |
| (घ) नगर प्रहरी जवान | २५ जना |

(२) उपनियम (१) बमोजिम सृजना भएका पदको पदपूर्ति गर्न पदपूर्ति समितिले आवश्यक प्रक्रिया पुरा गर्ने छ ।

(३) उपनियम (१) बमोजिमको पदपूर्ति गर्दा नगरपालिकामा हाल कार्यरत कर संकलक तथा अन्य जनशक्तिले दरखास्त दिएमा तोकिएको मापदण्ड पुरा गरेमा उनीहरुलाई प्राथमिकताका साथ नगर प्रहरीले गर्ने कार्यमा खटाइने छ।

(नोट: माथि उल्लेखित दरबन्दीमा नगरपालिको वित्तीय श्रोत तथा आय समेत हेरी सो संख्यामा नबढ्ने गरी आवश्यकताअनुसार पदपूर्ति गर्न सकिनेछ ।)

**५. नगर प्रहरीको आवश्यक योग्यता:-** (१) नगर प्रहरीको नियुक्ति हुन निम्नानुसारको योग्याता भएको हुनु पर्नेछ **:-**

(क) नगर प्रहरी पाँचौ तहका लागि कुनै विषयमा प्लस टु उत्तीर्ण गरी सो विषयमा तालिम प्राप्त ✂.......... गरेका, ✍१८ वर्ष उमेर पूरा भई ४० बर्ष उमेर ननाघेको ".........."

(ख) नगर प्रहरी सहायक चौथो तह ✂.......... का लागि कुनै विषयमा ✂.......... ✍मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ वा सो सरह उत्तिर्ण गरेका, ✍१८ वर्ष उमेर पूरा भई ४० बर्ष ननाघेको ".........."

".........."पहिलो संशोधनबाट झिकिएको

✍ तेस्रो संशोधनबाट थप

✂.......... तेस्रो संशोधनबाट झिकीएको

✍(ख१) नगर प्रहरी सहायक तृतीय तह हवलदारका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी/एस.ई.ई वा सो सरह उतिर्ण गरेका, १८ वर्ष उमेर पूरा भई ४० बर्ष ननाघेको

(ग) नगर प्रहरी जवानका लागि आधारभूत शिक्षा वा सो सरह उत्तिर्ण गरी १८ वर्ष उमेर पूरा भई ४० बर्ष ननाघेको।

(२) उपनियम (१) को प्रकरण (क), (ख) र ✂.......... ✍(ख१) बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरीबाट निवृति भएका वा उपदान सेवा लिई राजिनामा गरेका व्यक्तिलाई पहिलो प्राथमिकता दिइने छ ।

(३) नियम ५ को उपनियम (१) को खण्ड (क), (ख), ✂.......... ✍(ख१) र (ग) बमोजिम नगर प्रहरीको नियुक्ति गर्दा पदपूर्ति समितिको सिफरिसमा प्रमुख प्रशासकिय अधिकृत वा अधिकार प्राप्त अधिकृतले नियुक्ति दिनेछन् ।

**६. पदपूर्ति समितिको गठन :-** हाल स्थानीय सरकार संचालन ऐनमा पदपूर्ति समितिको व्यवस्था नभएकोले पछि संघीय / प्रदेश सरकारले बनाएको प्रचलित कानून बमोजिम पदपूर्ति समिति गठन हुने गरी हाललाई निम्नानुसार पदपूर्ति समिति गठन गरिने छ ।

**संयोजक:** प्रमुख प्रशासकीय अधिकृत, छायाँनाथ रारा नगरपालिका

**सदस्य :** नगर प्रमुखबाट मनोनति एक जना सदस्य

सदस्य सचिव : शाखा अधिकृत, प्रशासन शाखा प्रमुख / नगरपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारी पदपूर्ति समितिले आवश्यक पर्ने बिषय जनाकार तथा विज्ञहरुलाई आमन्त्रित गरी कार्य गर्न सक्नेछ ।

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार: पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति पदको पाठ्यक्रम निर्धारण गर्ने ।

(ख) पदपूर्ति कार्यतालिका बनाउने

(ग) परिक्षाका किसिम राख्ने,

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(च) नियुक्तिका लागि सिफारिस गर्ने,

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवामा खुला प्रतियोगिद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धमा लोक सेवा आयोगको राय अनुसार आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

✍ तेस्रो संशोधनबाट थप

✂.......... तेस्रो संशोधनबाट झिकीएको

**७. विज्ञापन सम्बन्धी व्यवस्था:-** (१) पदपूर्ति समितिले पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दा पत्रिकामा कम्तिमा १५ दिनको म्याद दिई देहायका विषय समेत खुलाई प्रतियोगिताका लागि विज्ञापन प्रकाशन गर्नुपर्नेछ :

(क) पदको नाम,

(ख) आवश्यक संख्या (खुला र समावेशी अलग अलग देखिने गरी)

(ग) दरखास्त दिने अन्तिम मिति र स्थान

(घ) दरखास्त दस्तुर

(ङ) परीक्षा दस्तुर

(च) आवश्यक न्यूनतम शैक्षिक योग्यता

(छ) पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु

(ज) सम्पर्क मिति र स्थान

(झ) परीक्षाका तरिकाहरु

(ज) अन्य शर्तहरु

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले एउटा पदका लागि समावेशी वा खुलातर्फ दरखास्त दिन सक्नेछन् ।

(३) उपनियम (२) बमोजिम दरखास्त पेश गर्ने व्यक्तिले प्रत्येक थप खुल्ला तथा समावेशी समूहका पदका लागि परीक्षा दस्तुरको थप ५० प्रतिशत रकम दस्तुर बुझाउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि निर्धारित दरखास्त फाराम भरी परीक्षा दस्तुर सहित विज्ञापनमा तोकिएको स्थान र समयमा बुझाउनु पर्नेछ ।

(५) पदपूर्ति समितिवाट विज्ञापन प्रकाशित भएपछि दरबन्दी थप वा खाली यह पद रिक्त भएमा लिखित परीक्षा हुनुभन्दा अगावै सो पदपूर्ति समितिले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा संख्या समेत थप गर्न सक्नेछ ।

## परिच्छेद ३
## नगर प्रहरी नियुक्ति सम्बन्धी व्यवस्था

**८. उमेदवारको दरखास्त फाराम र प्रवेशपत्रको ढाँचा :-** (१) उमेदवारको दरखास्त फाराम र प्रवेशपत्रको ढाँचा अनुसूचि १,अनुसूथि २ बमोजिम हुनेछ ।

(२) उम्मेदवारले कारणवश प्रवेशपत्र हराएको भनी निवेदन पेश गरेमा नगरपालिकाले तोकेको दस्तुर लिई प्रवेशपत्रको प्रतिनिधि उपलब्ध गराई परीक्षामा सामेल गराउन सक्नेछ ।

**९. अन्तर्वार्ता समितिको गठन :-** (१) पदपूर्ति समितिले तोकेको एकजना अध्यक्ष र एक जना सदस्य तथा नगरप्रमुखले तोकेको एक जना सदस्य समेत गरी ३ सदस्यीय अन्तरवार्ता समिति गठन गर्न सकिनेछ । अन्तरवार्ता समिति गठन हुन नसकेमा पदपूर्ति समितिले अन्तरवार्ता समितिको कार्य गर्न बाधा पर्ने छैन ।

**१०. अन्तिम नतिजा प्रकाशन :** (१) पदपूर्ति समितिले छनौट सम्बिन्धी सम्पूर्ण प्रकृया सम्पन्न भएपछि सबभन्दा बढी अंक प्राप्त गर्ने उमेदवारहरुको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा उम्मेदवार उपलब्ध भएसम्म रिक्त पदमा पन्ध पतिशत वा घटिमा दुई जना योग्यताक्रम् अनुसार वैकल्पिक उमेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ ।

(३) नियुक्तिका लागि सिफारिस भएका उमेदवार तोकिएको समयभित्र नियुक्ति लिन नआएमा वा त्यस्ता पदमा नियुक्त भएको ३ महिनाभित्र पद रिक्त हुन आएमा वा नियुक्त भएका उम्मेदवारको काम सन्तोषजनक नभएमा वैकल्पिक उम्मेदवारको सूचीमा रहका उम्मेदावारलाई योग्यता क्रमानुसार नियुक्ति गर्न सकिनेछ ।

**११. नियुक्ति दिने :-**

(क) नियम १० उपनियम (२) र उपनियम (३) बमोजिम पदपूर्ति समितिबाट सूचि प्रकाशन भई सिफारिस भएका नगर प्रहरीलाई नगरपालिकाले १५ दिन भित्र नियुक्ति दिनु पर्नेछ ।

(ख) नगरप्रहरीको सेवा सुविधा, सेवाका शर्त सेवा अवधि, जिम्मेवारी, आचरण, विभागिय कारवाही र सजाय सम्बन्धि व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१२. करारमा सेवा लिन सकिने:-** (१) नियम ८,९,१०,११ मा जुनसुकै कुरा लेखिएको भएता पनि हाल प्रचलित संघीय / प्रान्तिय सरकारको कानून बमोजिम कार्यपालिका बैठकबाट निर्णय गरी तत्काल करारमा नगर प्रहरी नियुक्ति गर्न सकिने छ । करार नियुक्ति सम्बन्धि अनय व्यवस्था प्रचलित कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

**१३. नगर प्रहरीको काम, कर्तव्य र अधिकार :-** नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाको नीति, कानून मापदण्ड तथा निर्णय कार्यन्वयन गर्ने ।

(ख) नगरपालिकाको सम्पत्तीको सुरक्षा र संरक्षण गर्ने ।

(ग) स्थानीय स्तरमा हुने सभा समारोह परम्परा तथा जात्रा चाडपर्वहरुको सुरक्षा व्यवस्था गर्ने ।

(घ) स्थानीय बजार, सडक पेटी तथा पार्किङ स्थलको रेखदेख र व्यबस्थापन गर्ने ।

(ङ) नगरको सरसफाई सम्बन्धि नगर कानुन मापदण्डको कार्यन्वयन गर्ने

(च) न्यायिक समितिले गरेका मिलापत्र, आदेश तथा निर्णयको कार्यन्वयन गर्ने ।

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने।

(ज) विपद् व्यवस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनर्स्थापना गर्ने ।

(झ) अनधिकृत विज्ञापन तथा होर्डिङबोर्ड नियन्त्रण गर्ने, हटाउने ।

(ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने ।

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ठ) नगरपालिकाको कर संकलनमा सहयोग गर्ने ।

(ड) फोहोर मैला व्यवस्थापनकार्यमा सहयोग गर्ने ।

(ठ) नगरपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद- ४
## विविध

**१४. सेवा सुविधा सम्बन्धी व्यवस्था :-**

(१) नगर प्रहरीको तलव भत्ता नेपाल सरकार, प्रादेशिक सरकार, स्थानीय सरकारको कानूनले समान तहका अन्य कर्मचारीले खाइपाई आए वमोजिम नै सेवा सुविधा कायम गरिनेछ ।

(२) पदिय जिम्मेवारी भूमिकालाई ध्यानमा राखी कार्यपालिका बैठकले निर्णय गरी थप सेवा सुविधापति दिन सक्नेछ ।

**१५. अवकास सम्बनधी व्यवस्था :-**

(१) स्थायी कर्मचारीको हकमा नगरपालिकाका अन्य स्थायी समान तहका कर्मचारीको सरह अवकाश सम्वन्धी व्यवस्था हुनेछ ।

(२) अवकाश पश्चातको सेवा सुविधा स्थायी कर्मचारीको हकमा स्थानीय तहका अन्य कर्मचारी सरह र करार कर्मचारीको हकमा कराव सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**१६. खारेजी र बचाऊ:-**

संघीय सरकार र प्रादेशिक सरकारसँग यो नियमावली बाझिएको हदसम्म स्वतः अमात्य भई बदर हुनेछ । अन्यको हकमा यसै नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

## अनूसुची १

श्री ..........................

..............................

त्यस कार्यालयबाट मिति ................. मा प्रकाशित विज्ञापन अनुसार म .................. पदमा नोकरी गर्न अभिलाषा लिई निवेदन गर्न आएको छु ।

नाम, थर ...................................................... जन्म मिति ................................................

जन्म स्थान....................................................... शैक्षिक योग्यता

१.........................

२.........................

पेशा.........................

बाबुको नाम..................................... बाजेको नाम ...................................

नागरिकता...........................................

माथि लेखिएको विवरण ठीक साँचो छ । भुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| दाँया | बाँया |
|---|---|
| | |

.............................

निवेदकको हस्ताक्षर

मिति...........................

द्रष्टव्य : माथि लेखिएका देखि वाहेक अन्य कुरा खुलाउनु परेमा छुट्टै पानामा लेखी आवेदन साथै पासपोर्ट साइजको हालसालै खिचिएको तस्वीर यसै साथ समावेश गर्नु पर्नेछ ।

विभागीय उम्मेदवारको लागि मात्र : (क) हाल कार्यरत दर्जा :-

(ख) दरवन्दी :-

द्रष्टव्य : दरखास्त साथ विज्ञापनमा उल्लेख भएका अतिरिक्त देहायका कागजपत्र समेत अनिवार्य रुपमा पेश गरी प्रमाणित गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रतिपिपी

(२) विज्ञापन भएका पदका लागि तोकिएको न्युनतम् शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी

(३) सम्बन्धित व्यवसायिक परिषद्मा नाम दर्ता हुनु पर्ने पदका लागि परिषदमा दर्ता भएका प्रमाणपत्रका प्रतिलिपी पासपोर्ट साईजको फोटो र फाराममा दुवैमा पर्ने गरी उम्मेदवारको सही

**अनुसूची-२**

पासपोर्ट साईजको फोटो र फाराममा पदको खुल्ला दुवैमा पर्ने गरी उम्मेदवारको सही

नगर प्रहरी ........................................................ पदको खु

प्रतियोगिता परीक्षाको लागि

(क) विज्ञापन मिति :-

(ख) बिज्ञापन नं. :-

(ग) दर्ता नम्बर :-

(घ) नाम, थर :-

(ङ) उमेर :-

(च) श्रेणी, तह :-

भर्ना छनौट शाखाको सम्बन्धित **कर्मचारीले भर्ने :**

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षमा तपाईलाई उक्त केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुन **हुन** सक्नेछ । नैतिक पतन देखिने फौज्दारी अभियोगमा सजाय पाए **नपाएको** ।

परीक्षा केन्द्र :-

मैले यस अघि नगर प्रहरीमा जागिर गरेको छ/छैन । छ भने छोडेको मिति : ..........................

छाड्नुको कारण :- दर्जा :-

ठेगाना:-

(क) स्थायी:-

(ख) अस्थायी :-

(ग) सम्पर्क नं. :-

(घ) ई-मेल ठेगानाः-

आज्ञाले

पशुपती शाही

नि.प्रमुख प्रशासकीय अधिकृत